आज मिति २०८०।०१।३१ गते आइतवारको दिन विहान ७:३०० बजे बाणगंगा नगरपालिका नगर कार्यपालिको बैठक नगर प्रमुख श्री चक्रपाणी अर्यालको अध्यक्षतामा निम्नानुसारका प्रस्तावहरुमाथी छलफल गरी निर्णय गर्न तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थिती रहेको छ।

| क्र. स. | पदाधिकारीहरुको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोख्रेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिल बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | खिमानन्द भुसाल | सचिव | |

# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु

## नगर कार्यपालिकाको आ.व.०७९।८० को बाह्रौं बैठक २०८०।०१।३१ का प्रस्ताव तथा कार्यसूची

प्रस्ताव नं. १२.१ आगामी आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम र बजेट तथा योजना तर्जुमा सम्बन्धमा,

प्रस्ताव नं. १२.२ नीति तथा कार्यक्रम र योजना तथा बजेट तर्जुमा कार्ययोजना सम्बन्धमा,

प्रस्ताव नं. १२.३ भूमी सम्बन्धी जग्गाको विवरण सम्बन्धमा,

प्रस्ताव नं. १२.४ स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं. १२.५ विविध।

**प्रस्ताव नं. १२.१**

**आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम सम्बन्धमा,**

**निर्णय नं. १२.१**

यस बाणगङ्गा नगरपालिकाको आर्थिक वर्ष २०८०।०८१ को बजेट तथा कार्यक्रम तयारी चरण सुरुवात भएको र यस नगरपालिकाको स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट सिफारिस भई आएको बजेट सिमामा रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम असारको १० गते भित्र पेश गरीसक्नु पर्ने प्रावधान बमोजिम यस बाणगङ्गा नगरपालिकाको आ.व.२०८०।०८१ को नीति तथा कार्यक्रम २०८० असार २ गते प्रस्तुत गर्ने र बजेट तथा कार्यक्रम २०८० असार ८ गतेको नगर सभामा पेश गर्ने गरी सबै जनप्रतिनिधि एवं कर्मचारीहरु जिम्मेवारी बमोजिम आपसमा समन्वय गरी तयारी गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२.२**

**नीति तथा कार्यक्रम र योजना तथा बजेट तर्जुमा कार्ययोजना सम्बन्धमा,**

**निर्णय नं. १२.२**

यस नगरपालिकाको आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमको लागि विभिन्न समितिहरुको बैठक, नीति तथा कार्यक्रम तयारीको लागि सुझाव संकलनको लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरुसंगको छलफल लगायत विभिन्न कार्यक्रमहरु समेत संलग्न गरिएको २०८० वैशाख ७ गते देखि २०८० असार ८ गते सम्मको सबै क्रियाकलापहरुको समय तालिका (कार्ययोजना) स्वीकृत गर्ने र सोही अनुसार कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२.३**

**भूमी सम्बन्धी जग्गाको विवरण सम्बन्धमा,**

**निर्णय नं. १२.३**

भूमि आयोगबाट जारी कार्यविधी २०७८ को अनुसुची ७ बमोजिमको विवरण बाणगंगा नगरपालिका वडा नं ११ को भूमिहीन दलित र भूमिहीन सुकुम्बासीहरुको सुचना सार्वजनिक हुँदा कसैको पनि दाबी बिरोध प्राप्त हुन नआएको र आवश्यक प्रकृया अगाडी बढाउनको लागि वडा समितिबाट समेत सिफारिस भई आएको र नगर स्तरीय सहजिकरण समितिबाट यस कार्यपालिकामा सिफारिस भई आएकोले सोही अनुसार उक्त निर्णय सदर गरी थप प्रकृयाको लागि राष्ट्रिय भूमि आयोग जिल्ला समिति कपिलवस्तुमा पत्राचार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२.४**

**स्थानीय पाठ्यक्रम स्वीकृति सम्बन्धमा ,**

**निर्णय नं. १२.४**

बाणगङ्गा नगरपालिकाको स्थानीय पाठ्यक्रम विकास समितिद्वारा निर्माण भई शिक्षा समितिबाट स्वीकृतिको लागि सिफारिस भई आएको स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १२.५**

**विविध**

**निर्णय नं. १२.५**

१. बाणगङ्गा नगर कार्यपालिकाको मितिः२०७९।११।२६ गतेको निर्णयानुसार चालु आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत ७०/३० लागत साझेदारी अन्तर्गत विनियोजित बजेटबाट "४ नं. जीतपुर स्थित सरु साईकल पसल अगाडी देखि पश्चिम बाणगङ्गा पाटी प्यालेस सम्मको बाटो स्तरोन्नती" मा रु.५,००,०००।- बिनियोजन गरिएकोमा पछि लागत ईस्टिमेट तयार गर्दा रु.३ लाख भन्दा बढी खर्च हुने नदेखिएकोले बाँकी रहन आउने बजेट रु.२

लाख वडास्तरीय योजना तथा कार्यक्रम अन्तर्गत पेज नं. १२८ सि.नं. ४० मा रहेको बुङ्ची गाउँमा नालि निर्माण योजनामा थप गर्ने निर्णय गरियो ।

२. यस कार्यालयको ठे.नं. 56/NCB/BMO/KAPIL/WORKS/79-80, House Numbering at all wards in Banganga Municipality By Metric System को ठेक्कामा पेश हुन आएका बोलपत्रदाताहरुको तुलनात्मक तालिका बनाई फाईल अध्ययन गर्दा सवैभन्दा कम कवोल गर्ने बोलपत्रदाता Ghar Number Pvt.Ltd भएतापनि उक्त बोलपत्रदाताको Business Registration Licence र माग भएबमोजिम पर्सोनेल समावेश नभएको हुदाँ मूल्याङ्कन प्रक्रियामा समावेश नगर्ने र अर्को बोलपत्रदाता Map Nepal Engineering Consultancy Private Limited को कबोल रकम १७,०७,५००.०० (भ्याट बाहेक ) कार्यालयबाट तोकिएको लागत इष्टिमेट रकम रु. १७,७३,५५०।०० भन्दा ६६,०५०।०० रकम अर्थात ३.७२ प्रतिशतले कम कबोल गरेको स्वीकृत बोलपत्र समर्थन गर्ने निर्णय गरियो ।

३. यस कार्यालय अन्तर्गत कृषि विकास शाखाको भवन निर्माणको लागि गरिएको ठेक्का ठे.नं. 57/NCB/BMO/KAPIL/WORKS/079-080 को निर्माण व्यवसायी श्री समावेसी ईन्फाईस्टक्चर प्रा.लि. को ठेक्का स्वीकृती भई सम्झौताको लागि मितिः२०७९।१२।१५ मा पत्राचार भएको र २०७९।१२।३० सम्ममा सम्झौताको लागि आउनुपर्नेमा निर्माण व्यवसायीले घरायसी कारण देखाई बैंक ग्यारेन्टी ल्याउन ढीला भएकोले २०८०।०१।११ मा सम्झौताको लागि आएको र २०८०।०१।१३ मा सम्झौता भएको उक्त सम्झौतालाई समर्थन गर्ने निर्णय गरियो ।

४. जिल्ला प्रहरी कार्यालय तौलिहवाको कम्पाउण्ड वाल निर्माण कार्यको लागि पूँजिगत सुधार खर्च सार्वजनिक निर्माण शिर्षकबाट रु.२ लाख विनियोजन गर्ने निर्णय गरियो ।

५. ईलाका प्रहरी कार्यालय पिपरामा प्रबन्ध शाखा कक्ष निर्माणको कार्यको लागि पूँजिगत सुधार खर्च सार्वजनिक निर्माण शिर्षकबाट रु.१ लाख ५०हजार विनियोजन गर्ने निर्णय गरियो ।

बाणगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बाणगंगा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल